# स्थानीय सरकार

# जीतपुरसिमरा राजपत्र

## जीतपुरसिमरा उपमहानगरपालिकाद्धारा प्रकाशित

खण्डः ४ संख्याः २ प्रमाणिकरण मितिः२०७८।०५।३१

भाग १

### जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन,२०७८

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यो ऐनको नामजीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

२. <u>परिभाषा</u> : (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७८ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले जीतपपुसिमरा उपमहानगरको कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका"भन्नाले जीतपपुसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा"भन्नाले संविधानको धारा २२२ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. <u>नियम बनाउने अधिकार</u> : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त जीतपपुसिमरा उपमहानगरको नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथाप्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउँन सक्ने</u>:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही जीतपुरसमिरा उपमहानगरको नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५.<u>बचाउ</u>: यो ऐन लागू हुनु पूर्व भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख